श्री ५ को सरकार

## आपूर्ति मन्त्रालयको

## सूचना १

श्री ५ को सरकारले कालोबजार तथा केही अन्य सामाजिक अपराध तथा सजाय ऐन, २०३२ को दफा २ को खण्ड (घ) ले दिएको अधिकार प्रयोग गरी यस मन्त्रालयको सामान्य निर्देशनमा रहने गरी देहायबमोजिमको अध्यक्ष र सदस्य भएको "जिल्ला मूल्य निर्धारण सल्लाहकार समिति" गठन गरेको छ ।

| | | |
|---|---|---|
| १. | प्रमुख जिल्ला अधिकारी | – अध्यक्ष |
| २. | स्थानीय विकास अधिकारी | – सदस्य |
| ३. | जिल्ला प्रहरी प्रमुख | – " |
| ४. | प्रतिनिधि नेपाल महिला संघ | – " |
| ५. | प्रतिनिधि नेपाल उद्योग वाणिज्य संघ | – " |
| ६. | नगरपालिका भएको जिल्लामा जिल्ला सदरमुकाममा रहेको नगरपालिकाको कार्यकारी सचिव | – " |
| ७. | प्रमुख जिल्ला अधिकारीले तोकिएको उपभोक्ता जवान २ (दुई) | – " |
| ८. | प्रशासकीय अधिकृत जिल्ला प्रशासन कार्यालय | – सदस्य-सचिव |

अध्यक्षले आवश्यकतानुसार अन्य व्यक्ति वा अधिकृतलाई समितिको बैठकमा आमन्त्रण गर्न सक्नेछ ।

## सूचना २

खण्ड ३६ संख्या ४२ मिति २०४३।१०।१९ को नेपाल राजपत्र भाग ३ मा प्रकाशित यस मन्त्रालयको सूचना ३ को दफा २ अनुसार गठन गरिएको "अञ्चल मूल्य निर्धारण सल्लाहकार समिति" खारेज गरिएको छ ।

## सूचना ३

श्री ५ को सरकारले कालोबजार तथा केही अन्य सामाजिक अपराध तथा सजाय ऐन, २०३२ को दफा २२ ले दिएको अधिकार प्रयोग गरी सोही ऐनको दफा २ अनुसार मूल्य निर्धारण गर्ने अधिकार यस मन्त्रालयको सामान्य निर्देशनमा रहने गरी प्रत्येक जिल्लाका प्रमुख जिल्ला अधिकारीलाई सुम्पिएको छ ।

आज्ञाले,
हिर्तसिंह श्रेष्ठ
श्री ५ को सरकारको का. मु. सचिव



३७६

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।